# कृषक पेन्सन कार्यक्रम कार्यान्वयन कार्यविधि

## २०७६



**बुढीगङ्गा नगरपालीका**

**नगरकार्यपालीकाको कार्यालय**

**कुल्देवमाण्डौं, बाजुरा**

## कृषक पेन्सन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६

### पृष्ठभूमी

देशको कुल गार्हस्थ उत्पादनको एक तिहाई भन्दा वढी कृषि क्षेत्रवाट प्राप्त हुने र दुई तिहाई भन्दा वढी जनसंख्या रोजगारी तथा जिविकोपार्जनका लागी यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्ण भूमिका रहेको स्पष्ट छ । बुढीगङ्गा नगरपालीका जिल्लाको प्रवेश द्धार तथा मुख्य कृषि तथा पशुपालनको राम्रो सम्भावना वोकेको क्षेत्र हो । यहाँका अधिकाँश कृषकहरु कृषि पेशामा संलग्न रहेका छन् तर पनि कृषि क्षेत्रवाट उल्लेख्य प्रगति हाँसिल गर्न सकिएको छैन र शिक्षित वेरोजगार युवाहरु दिनानुदिन विदेशिने क्रम वढ्दै गईरहेको सन्दर्भमा बुढीगङ्गा नगरपालीकाको सडक संचालको विस्तार, उत्पादनशिल जमिन, प्रयाप्त सिंचाईको सुविधा तथा कृषि उपज निकासी गर्न समेत सजिलो भएकोले कृषिको व्यवसायीकरण र आधुनिकिकरण मार्फत रोजगारीको सृजना गर्नुका साथै कृषकको आम्दीमा वृद्धि गर्नका लागी उत्प्रेरणा जागृत गराउने र स्थानिय सरकार मार्फत कृषकलाई सम्मान प्रदान गर्ने उदेश्यले व्यवसायीक कृषकलाई मासिकरुपमा पेन्सन दिने उदेश्यले बुढीगङ्गा नगरकार्यपालीकाले "कृषक पेन्सन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६" तयार गरेको छ ।

### परिच्छेद - १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यो कर्यविधिको नाम कृषक पेन्सन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ रहेको छ ।
ख. यो कार्यविधि बुढीगङ्गा नगरकार्यपालीका वाट स्वीकृत भएको मितिवाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

क. कृषक पेन्सन भन्नाले निश्चित मापदण्ड पुरा गरेका व्यवसायीक कृषकलाई मासिकरुपमा दिईने रकम भन्ने वुझ्नुपर्छ ।
ख. कृषक भन्नाले ५ वर्ष देखि निरन्तररुपमा कृषि पेशालाई मुख्य पेशाकारुपमा अपनाई व्यवसायीक कृषिमा संलग्न १८वर्ष देखि ६० वर्ष उमेर पुगेका नेपाली नागरीक भन्ने वुझ्नुपर्छ ।
ग. समिति भन्नाले यसै कार्यविधि वमोजिम गठन भएको कृषक पेन्सन कार्यक्रम निर्देशक समिति जनाउने छ ।
घ. प्राविधिक उपसमिति भन्नाले यसै कार्यविधि वमोजिम गठन भएको प्राविधिक उपसमितिलाई जनाउने छ ।

**३. उदेश्यः यस कार्यविधिका उदेश्य देहाय वमोजिम रहेको छ ।**

क.मेहनती , लगनशिल र व्यवसायीक कृषकहरुलाई कृषि पेशामा आवद्ध भई कृषिको आधुनिकीकरण र व्यवसायीकरणमा महत्वपुर्ण योगदान पुर्याय वापत सम्मान स्वरुप उत्प्रेरणा सृजना गर्नुका साथै कृषिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।
ख.शिक्षित युवाहरुलाई कृषि पेशामा आकर्षित गराई रोजगारीको सृजना गर्ने ।

ख. शिक्षित र पढेलेखेका युवाहरुले पनि कृषि पेशामा लाग्दा नाफा र सम्मान दुवै पाउन सकिन्छ भन्ने सोच र धारणाको विकास गरी कृषि पेशालाई सम्मानित पेशाकारुपमा स्थापित गर्न सहयोग गर्ने ।

## परिच्छेद -२ कृषक पेन्सन कार्यक्रम संचालन कार्यविधि

**४.कृषक पेन्सनका लागी कृषक छनौटका आधारहरुः** कृषक पेन्सन प्राप्त गर्नका लागी कृषक छनौटका आधारहरु देहाए वमोजिम हुनेछन् ।

क. आफ्नै वा जमिन भाडामा लिएर न्युनतम ५ रोपनी जमिनमा व्यवसायीक तरकारी खेती वा फूल खेती गरेको,

ख. आफ्नै वा जमिन भाडामा लिएर न्युनतम ३ रोपनीमा खाद्यान्न तथा तरकारीको वीउ उत्पादन गरेको, वा फलफूल नर्सरी स्थापना गरेको

ग. मेवा/केरा/भुईकटहर लगायतका साना फलफुलको ५ रोपनीमा वगैचा स्थापना गरेको वा अन्य फलफूल १० रोपनीमा वगैचाकारुपमा खेती गरेको ,

घ.कम्तिमा ५० भेडा वा वाख्रा व्यवसायीकरुपमा पालेको

ङ. कम्तिमा ५ वटा दुध दुहुने उन्नत जातका गाई वा भैसी पालेको

च. कम्तिमा १५०० वटा लेयर्स तथा ब्रोईलर कुखुरा वा २५०वटा लोकल कुखुरा नियमितरुपमा पालेको

छ. कम्तिमा १० वटा माउ वंगुर पालेको

ज. कृषि व्यवसायलाई मुख्य पेशाकारुपमा अपनाई निरन्तर ५ वर्ष देखि कृषि पेशामा संलग्न भएको वा अव देखि निरन्तररुपमा कृषि पेशामा संलग्न भईरहने कृषक

झ. नेपालको प्रचलीत कानुन वमोजिम कुनै पनि फौजदारी अभियोग नलागेको लगनशिल, ईमान्दार र मेहनती कृषक

ञ. बुढीगङ्गा नगरपालीकामा स्थायी वसोवास गरेको नेपाली नागरीक

**५. कृषक पेन्सन कार्यक्रम निर्देशक समितिः** कृषक पेन्सन कार्यक्रमलाई व्यवस्थित तरीकाले संचालन गर्न तथा कृषक छनौट गर्ने प्रयोजनका लागि देहाए वमोजिमको एक कृषक पेन्सन कार्यक्रम निर्देशक समिति हुनेछ ।

क. नगरप्रमुख - संयोजक

ख. नगर उपप्रमुख- सदस्य

ग. सवै वडाका वडा अध्यक्ष - सदस्य

घ. नगरपालीकाको प्रमुख प्रशासकिय अधिकृत- सदस्य

ङ. नगरपालीका स्थित कृषि क्षेत्रमा काम गर्ने सहकारी संस्था वा गैर सरकारी संस्थावाट मनोनित एक जना - सदस्य

च. नगरपालीका स्थित कृषक समुह मध्येवाट मनोनित एक जना - सदस्य

छ. पशु सेवा शाखा शाखा प्रमुख - सदस्य

ज. कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

**६. कृषक पेन्सन कार्यक्रम निर्देशक समितिको काम कर्तव्य र अधिकार**

क. कृषक पेन्सनका लागि प्राविधिक उप समितिले छनौट गरेका तोकेको मापदण्ड पुरा गरी पेन्सनका लागी योग्य कृषकहरुको नामावलीलाई स्वीकृत गर्ने ।

ख. प्राविधिक उप-समितिलाई आवश्यक सुझाव सल्लाह तथा निर्देशन दिने ।

ग. कृषक पेन्सनका लागी तोकेको मापदण्ड, कृषक पेन्सन रकम तथा कार्यविधि संसोधनका लागि प्रस्ताव तयार गरी स्वीकृतिका लागि नगरकार्यपालीकामा पेश गर्ने ।

घ. कृषक पेन्सन कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गर्ने ।

**७. कृषक छनौट प्राविधिक उपसमितिः** कृषक पेन्सन कार्यक्रमका लागी कृषक पेन्सन कार्यक्रम निर्देशक समितिलाई आवश्यक सहयोग गर्न देहाए वमोजिमको एक प्राविधिक उप समिति गठन गरिनेछ ।

क. प्रमुख प्रशासकिय अधिकृत - संयोजक
ख. रोजगार शाखाको संयोजक - सदस्य
ग. पशु सेवा शाखाको शाखा प्रमुख - सदस्य
घ. कृषि विकास शाखाको शाखा प्रमुख - सदस्य
ङ. सूचना प्रविधि शाखाको शाखा प्रमुख - सदस्य

**८. प्राविधिक उपसमितिको काम कर्तव्य र अधिकार**

क. कृषक पेन्सनका लागी न्युनतम मापदण्ड पुरा गर्ने कृषकहरुको विवरण तयार गरी स्वीकृतिका लागी कृषक पेन्सन निर्देशक समिति समक्ष पेश गर्ने ।
ख. कृषक पेन्सनको मापदण्ड तथा मासिक रकम र कार्यविधि संसोधनका लागि समितिलाई आवश्यक सुझाव तथा सल्लाह प्रदान गर्ने ।
ग. निर्देशक समितिले तोके वमोजिमका अन्य कार्य गर्ने ।
घ. कृषक पेन्सन कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन गरी यसको प्रभावकारीता अध्ययन गरी समय समयमा आवश्यक सुझाव सहितको प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्ने ।

**९.कृषक पेन्सन कार्यक्रम संचालन प्रक्रियाः** कृषक पेन्सन कार्यक्रम संचालनार्थ कार्यक्रम संचालन प्रक्रिया देहाय वमोजिम हुनेछ ।

**क.सूचना प्रवाहः**नगरपालीकाले कृषक पेन्सन कार्यक्रममा सहभागी हुनका लागी हरेक आर्थिक वर्षको श्रावण/भाद्र. महिनामा अनुसुचि १ वमोजिम सूचना प्रवाह गर्नुपर्नेछ ।

**ख. निवेदन संकलनः**कृषक पेन्सन कार्यक्रममा सहभागी हुन चाहने ईच्छुक कृषकले अनुसुचि २ वमोजिम तोकेको ढाँचामाआवश्यक समपुर्ण कागजात सहित नगरपालीकाको कृषि शाखामा आवेदन पेश गर्नुपर्नेछ ।

**ग. छनौट प्रक्रियाः** कृषक पेन्सन कार्यक्रमको लागी कृषक छनौट प्रक्रिया अघि वढाउदा रित पुर्वक आवश्यक कागजात सहित पेश हुन आएका आवेदनहरु मध्ये दफा ४ वमोजिमको न्युनतम मापदण्ड पुरा गरेको छ वा छैन भन्ने विषयमा प्राविधिक उपसमितिले स्थलगत फिल्ड अनुगमन पश्चात कृषक पेन्सन प्राप्त गर्ने न्युनतम मापदण्ड पुगेका कृषकहरुको विवरण तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्नुपर्नेछ । यसरी पेश भएका कृषकहरु मध्ये पेन्सन प्राप्त गर्ने कृषकको छनौटकृषक पेन्सन कार्यक्रम निर्देशक समितिले निर्णय गरेवमोजिम हुनेछ ।

**घ. कृषक पेन्सन परिचय पत्रः** समितिले कृषक पेन्सनका लागी स्वीकृत गरेको नामावलीको आधारमा नगरपालीकाले अनुसुचि ४ वमोजिमकोकृषक पेन्सन परिचयपत्र प्रदान गर्नेछ । यस्तो परिचयपत्र हरेक वर्ष तोकेको दस्तुर वुझाई सम्वन्धित वडाको सिफारिस र कृषि विकास शाखा तथा पशु सेवा शाखाको सिफारिसमा प्रत्येक आर्थिक वर्षको असार मसान्त सम्ममा नविकरण गर्नुपर्नेछ । परिचय पत्र नविकरण गराउँदा तोकेको ढाँचामा

अनुसुचि ३ वमोजिम आफुले संचालन गरिरहेको कृषि व्यवसायको वार्षिक प्रगति विवरण अनिवार्यरुपमा पेश गर्नुपर्नेछ । यदि कुनै कृषकले परिचयपत्र नविकरण नगराएको अवस्थामा कृषक पेन्सन प्राप्त गर्न स्वतः अयोग्य भएको मानिनेछ ।

**ङ. कृषक पेन्सन रकम भुक्तानिः** नगरपालीकाले मासिक/चौमासिक/वार्षिक रुपमा सम्वन्धित कृषकको वैंक खातामा मासिक रु १००० का दरले हुन आउने रकम भुक्तानि गर्नेछ । यसरी कृषक पेन्सन वापतको रकमको भुक्तानी गर्दा १ प्रतिशत सामाजिक सुरक्षा कर र ९ प्रतिशत कृषक पेन्सन कर गरी १० प्रतिशत रकम कर कट्टि गरी बाँकि हुन आउने रकम एकमुष्ट भुक्तानी गरिनेछ ।

## परिच्छेद ३– कृषक पेन्सन अनुदान कोष सम्वन्धि व्यवस्था

**१०. कृषक पेन्सन अनुदान कोषः** कृषक पेन्सन कार्यक्रमलाई प्रभावकारी वनाउनुका साथै दिर्घकालीनरुपमा यसलाई व्यवस्थित रुपले संचालन गर्न एक कृषक पेन्सन अनुदान कोष स्थापना गरी उक्त कोषमा देहाय वमोजिम रकम जम्मा गरिने छ ।

क. प्रत्येक आर्थिक वर्षमा नगरकार्यपालीकाले कृषक पेन्सन कार्यक्रमका लागी विनियोजन गरेको अनुदान रकम ।
ख. कृषक पेन्सन प्राप्त गर्ने कृषक वाट कट्टा गरेको ९ प्रतिशत कृषक पेन्सन कर वापतको जम्मा हुन आउने रकम ।
ग. नगरपालीका अन्तरगत प्रत्येक घरधुरीलाई घरपरिवार संख्याको आधारमा प्रति सदस्य प्रति वर्षको रु १ का दरले कृषक पेन्सन कर लगाई उक्त कर वापत प्राप्त हुने रकम ।
घ.कृषि अनुदान, कृषि तालीम, बैठक तथा गोष्ठी लगायतका कृषकलाई सिधै नगद रकम प्रदान गरिने कार्यक्रमवाट ९ प्रतिशत कृषक पेन्सन कर लगाई उक्त कर वापत वाट प्राप्त रकम ।
ङ.कृषि जन्य वस्तु निकासी पैठारी वा विक्रिवितरण गर्दा १ प्रतिशत कृषक पेन्सन कर लगाई उक्त करवाट प्राप्त रकम ।

**११. कृषक पेन्सन अनुदान कोष संचालन प्रक्रियाः** कृषक पेन्सन अनुदान कोषमा जम्मा भएको रकमलाई पारदर्शिरुपमा खर्च गर्न देहाय वमोजिमको कार्यविधि अपनाईनेछ ।

क. कृषि विकास शाखाको शाखा प्रमुख , लेखा प्रमुख र प्रमुख प्रशासकिय अधिकृत गरी तिन जनाको संयुक्त दस्तखतवाट संचालन हुने गरी वैंकमा कृषक पेन्सन अनुदान कोषको एक छुट्टै खाता संचालन गरिनेछ ।
ख. यस कोषमा जम्मा हुन आउने रकम कृषक पेन्सन प्रदान गर्ने प्रयोजनका लागी मात्रै खर्च गर्न पाईनेछ ।
ग. वार्षिकरुपमा यस कोषको रकमको आयव्ययको छुट्टै लेखाप्रेस्ता राखी आन्तरीक तथा वाह्य लेखा परिक्षण गरिनेछ ।

## परिच्छेद – ४ विविध

**१२. अनुगमन तथा मुल्याङ्कनको व्यवस्थाः** नगरकार्यपालीका, वडाकार्यपालीका र कृषि तथा पशु सेवा शाखावाट कृषक पेन्सन प्राप्त गर्ने कृषकको नियमितरुपमा अनुगमन तथा मुल्याङ्कन गरिनेछ ।

**१३. कार्वाहीको व्यवस्थाः** यदि कुनै पनि कृषकले आफ्नो विवरण ढाँटछल गरी तोकेको मापदण्ड विपरीत कृषक पेन्सन प्राप्त गरेको रहेछ भने त्यस्तो कृषकलाईप्रचलित कानुन बमोजिम कृषक पेन्सन वापत प्राप्त गरेको रकम असुलउपर गरिनेछ ।

**१४. प्रचलीत कानुन लागुहुनेः** कृषक पेन्सन कार्यक्रम कार्यान्वयनको सनदर्भमा प्रचलीत कानुनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

**१५. कार्यविधि संसोधन तथा परिमार्जनः** बुढीगङ्गा नगरपालीकाको नगरकार्यपालीकाले कृषक पेन्सन कार्यक्रम निर्देशक समितिको सिफारिसमा यस कार्यविधिमा आवश्यक परिमार्जन एवं संसोधन गर्न सक्नेछ ।

**१६. खारेजी तथा बचाउः**यस भन्दा अघि बनेका यस सम्बन्धिका कार्यविधि भए खारेज गरिएको छ र बाँकि भए गरेका कामकार्वाहीहरु हरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

**अनुसुचि १– सूचना प्रकासन**

बुढीगङ्गा नगरपालीका
नगरकार्यपालीकको कार्यालय
कुल्देवमाण्डौं, बाजुरा

कृषक पेन्सन कार्यक्रममा सहभागी हुने सम्वन्धिको १५ दिने सूचना

प्रथम पटक सुचना प्रकासन मिति २०७६/ /

श्री समपुर्ण बुढीगङ्गा वासी कृषक दाजुभाई तथा दिदिवहिनी

उपरोक्त सम्वन्धमा बुढीगङ्गा नगरकार्यपालीकको मिति २०७६/ / मा स्वीकृत कृषक पेन्सन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७६ अनुसार योग्यता पुगेका कृषक दाजुभाई तथा दिदिवहिनिहरुलाई आफु कृषक पेन्सन प्राप्त गर्न योग्य छु भन्ने लागेमा रित पुर्वक अनुसुचि २ वमोजिमको फारम भरी तपशिल अनुसारका आवश्यक कागजात सहित यो सुचना प्रकासन भएको मितिले १५ दिन भित्र कृषि विकास शाखामा निवेदन पेश गर्न हुन यो सूचना प्रकासित गरिन्छ ।

............
..........
शाखा प्रमुख

तपशिलः

१.नागरीकताको प्रमाणपत्रको प्रतिलिपि

२.शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

३.कृषि सम्वन्धि तालिम लिएको भए प्रमाणपत्रको प्रतिलिपि

४.अनुसुचि २ अनुसारको निवेदन फाराम

५. सम्वन्धित वडाको सिफारिस

बुढीगङ्गा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौं,बाजुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

## अनुसुचि २ - निवेदन फाराम

मितिः २०७६/     /

श्रीमान् शाखा प्रमख ज्यु
कृषि विकास शाखा
वुढीगङ्गा नगरपालीका
वाजुरा ।

हालसालै खिचेको दुवै कान देखिने फोटो

विषयः कृषक पेन्सन कार्यक्रममा सहभागी हुन पाउँ भन्ने वारे ।

महोदय,

उपरोक्त सम्वन्धमा तहाँ नगरपालीकावाट कृषक पेन्सन कार्यक्रममा सहभागीताका लागी सुचना प्रकासन भए वमोजिम मेरो उक्त कृषक पेन्सन प्राप्त गर्नका लागि आवश्यक योग्यता तथा मापदण्ड पुरा भएकोले उक्त कार्यक्रममा सहभागी हुनका लागि तपिशल अनुसारको विवरण संलग्न गरी यो निवेदन पेश गर्दछु । यसमा पेश गरेका सम्पुर्ण विवरण सहि छन् झुट्टा ठहरे कानुन वमोजिम सहुँला वुझाउँला ।

निवेदकको नामथरः                    दस्तखतः                    दाँया            वाँया

ठेगानाः वाजुरा जिल्ला वुढीगङ्गा नगरपालीका वडा नं............. टोल ..........

सकपर्क मोवाईल नः

शैक्षिक योग्यताः                    नागरीकता प्रमाणपत्र नं र जारी मितिः

वुवाको नामथरः                    वाजेको नामथरः

कृषि पेशामा संलग्न भएको मितिः

हाल अपनाएको कृषि पेशा तथा व्यवसायः

कृषक पेन्सन प्राप्त गर्नका लागि पुरा गरेको न्युनतम मापदण्डः

कृषि पेशावाट वार्षिक आम्दानी रु

कृषि पेशामा गरेको लगानी रु

कृषि व्यवसायको भावी योजनाः

अन्य थप केहि भए खुलाउनेः

## अनुसुचि–३– वार्षिक प्रगति विवरण फाराम

कृषकको नामथरः

ठेगानाः

मोवाईल नः

कृषक पेन्सन प्राप्त गरेको मापदण्डः

हाल कृषि व्यवसायको प्रगति विवरणः

१. लगानी विवरण

| क्र.सं. | लगानीको विवरण | लगानी गरेको रु | आफ्नै लगानी रु | ऋण सापटी रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

२. आम्दानीको विवरण

| क्र.सं. | आम्दानीको विवरण | वार्षिक आम्दानी रु | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

३. वचतको विवरण

| क्र.सं. | वचत गरेको बैंक वा अन्य संस्था वा सहकारीको नाम | वचत रकम रु | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

४. कृषि व्यवसायको विवरण

| क्र.सं. | कृषि व्यवसायको विवरण | ईकाइ | कृषक पेन्सन प्राप्त गर्दाको अवस्था | यस वर्ष सम्म हालको प्रगति |
|---|---|---|---|---|
| १ | व्यवसायीक तरकारी खेती | रोपनी | | |
| २ | व्यवसायीक वीउ उत्पादन | रोपनी | | |
| ३ | वाख्रा वा भेडा | संख्या | | |
| ४ | गाई वा भैंसी | संख्या | | |
| ५ | वंगुर | संख्या | | |
| ६ | कुखुरा | संख्या | | |

| ७ | अन्य<br>........................ | | | |
|---|---|---|---|---|

दस्तखतः .......................

मितिः ....................................

**अनुसुचि ४– कृषक पेन्सन परिचयपत्रको नमुना**

बुढीगङ्गा नगरपालीका
कृषक पेन्सन परिचयपत्र

फोटो

कृषकको नामथरः
ठेगानाःबाजुरा जिल्ला बुढीगङ्गा न.पा.वडा नं .....
टोल..........
जन्ममितिः
सम्पर्क नं
बुवाको नामथरः
नागरिकता प्र.प.नं.
कृषि पेशामा संलग्न भएको मितिः
कृषक पेन्सन प्राप्त गर्ने आधारः
प्रमाणित गर्ने व्यक्तिको नामथरः
पदः

बुढीगङ्गा नगरपालीका
कृषक पेन्सन परिचयपत्र
नविकरण

| क्र.सं. | देखि | सम्म | नविकरण गर्ने व्यक्तिको दस्तखत | न.पा.को छाप |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

यो परिचय पत्र कसैले पाएमा सम्वन्धित व्यक्ति वा नगरपालीकाको कार्यालयमा वा नजिकको प्रहरी चौकीमा बुझाईदिनुहोला ।

बुढीगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल